काठमाडौंस्थित अमेरिकी राजदूतावास प्रवेशाज्ञा (भिसा) ठगीका बारेमा सचेत गराउँछ ।

काठमाडौं स्थित अमेरिकी राजदूतावास कुनै व्यक्ती वा कम्पनीले अमेरिकी भिसा दिलाउनलाई सहयोग गर्ने वचन गरेमा सर्वसाधारणलाई ती व्यक्ति वा कम्पनीसंग व्यवहार (लेनदेन) गर्नबाट सचेत गराउँछ । र भिसा दरखास्तसंग जाली (नक्कली) कागजपत्र पेश नगर्न पनि कडाईका साथ सचेत गराउँछ । नक्कली कागजातको प्रयोगले कुनै व्यक्तिलाई अमेरिका भ्रमण गर्नका निम्ति सदाकालागि अनुपयुक्त ठहराउन सक्दछ र दूतावासले यस्ता व्यक्तिहरुलाई पुलिसमा बुझाउन सक्ने र बुझाउने गर्दछ ।

भिसाका निम्ति कुनै तेस्रो व्यक्ति वा समुह अथवा भिसा परामर्शदाताको सहयोग लिन जरुरी हुदैन । यस्ता कुनै सस्थाले आप्रवास र प्रवेशाज्ञा सम्बन्धि वैधानिक सूचना र सेवा दिएता पनि धेरैले उपभोक्ताहरुलाई उनीहरुले नपाउने सेवा र नचाहिने सेवाका निम्ति पैसा तिर्न लगाउँछन् । यस्ता "प्रवेशाज्ञा ठग" हरु ले धेरै पटक भिसा दरखास्त सफल बनाउन, डिभी चिठ्ठा जित्न र भिसा पाउनका लागि चाहिने कागजात बनाइदिने प्रतिज्ञा गर्दछन् । उनीहरुले आफूसंग अमेरिकी कन्सुलर प्रक्रिया बारेमा विशेष ज्ञान र पहुँच भएको दावा पनि गर्न सक्छन् । यस्ता ठगहरुले संभावित लक्ष्यहरु (व्यक्ति) लाई वेभसाइट, इमेल वा व्यक्तिगत रुपमानै संपर्क गर्ने गर्दछन् ।

अमेरिकी विदेश विभागले गैर सरकारी संस्थाहरुको वेबसाइट जस्का पछाडी .com, .org, वा .net हुने गर्दछन् तिनीहरुमा हुने कुनै पनि सूचना वा सामग्रीको समर्थन वा सिफारिश भिसा संबन्धित र आप्रवासका निम्ति गर्ने गर्दैन ।

यी वेबसाइटहरुले कुनै आप्रवासका लागि चाहिने सेवा, फारम वा सूचनाका निम्ति पैसा माग्ने गर्दछन् जुन अमेरिकी राजदूतावासको वेभसाइटमा निशुल्क उपलब्ध छ ।

दूतावासले योग्य आवेदकहरुलाई हरेक दिन भिसा दिने गर्दछ र भिसा परामर्शदाताहरुले यी योग्य आवेदकलाई भिसा दिलाउने आश्वासनमा पैसा लिने गर्दछन् जुन आवेदकहरु आफैमा भिसा पाउन योग्य हुने गर्दछन् । यी ठगहरु मानिसहरुसंग पैसा लिएर हराउने गर्दछन् । र कुनै बेला उनीहरु अबैधानिक कागजात वा सेवा बेच्ने पनि गर्दछन् ।

हालैका हप्ताहरुमा धेरै भिसा आवेदकहरुले अनावश्यक सेवाका लागि पैसा तिरेको र धेरै आवेदकहरुसंग नक्कली कागजात पाइएकाले दूतावासले यो सूचना सचेत गराउनका लागि प्रेषण गर्न निर्णय गरेको हो ।

दूतावास सर्वसाधारणलाई यस्ता "ठग" हरुसंग सचेत रहन आग्रह गर्दछ र यस्ता अबैधानिक कार्यहरुका बारेमा जानकारी भएमा दूतावासलाई सुचित गरिदिन आग्रह गर्दछ । तपाईको परिचय गोप्य राखिनेछ । अमेरिकी सरकारद्वारा भिसाका बारेमा दिईने जानकारी दूतावासको वेभसाइट http://nepal.usembassy.gov र http://travel.state.gov मा हेर्न पाइन्छ ।